# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

(......................महाशाखा)

फोन :- ६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- +९७७-१-६६३५१२५
इमेल :- info@ctevt.org.np
वेवसाइटः- www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौँ
मध्यपुर थिमी न.पा. २
सानोठिमी, भक्तपुर, नेपाल ।

पत्र संख्याः-

च.नं. :-

मितिः २०८२/०९/२१ गते
ने. सं. ११४६ पोहेलागा द्वितीया

## विज्ञप्ति

नेपालमा आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्थापित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सीटीईभीटी) ले गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आएको सबैमा विदितै छ। शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोडी समग्र मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्न र सोह्रौं योजनाले लिएको लक्ष्य प्राप्तिका लागि परिषद् निरन्तर क्रियाशील छ। यसै सन्दर्भमा परिषद्ले आगामी दिनमा सम्पादन गर्ने प्रमुख कार्य तथा योजना सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि प्रकाशन गरिएको छ।

१. संघीयताको मर्म बमोजिम परिषद्को पुनर्संरचना गर्न गठित कार्यटोलीको प्रतिवेदनका आधारमा परिषद्को पुनर्संरचना गर्ने कार्य प्रारम्भ गरिएको छ।
२. संघीय संरचनामा रहने परिषद् अन्तर्गतका कार्यालय तथा शिक्षालयहरूको संगठन ढाँचा र आवश्यक कर्मचारी संख्या सिफारिस गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गर्ने कार्यटोली गठन भई कार्य प्रारम्भ भएको छ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको स्वीकृत राष्ट्रिय पाठ्यक्रम प्रारूप (National TVET Curriculum Framework) अनुसार पाठ्यक्रम निर्माण, परिमार्जन तथा कार्यान्वयन गरिने छ।
४. श्रम बजारको माग अनुसार पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने कार्यलाई व्यापक बनाइनेछ।
५. प्राविधिक शिक्षालयको गुणस्तर सुधारमा जोड दिंदै शिक्षालयहरूलाई "क", "ख", "ग" र "घ" गरी ४ वर्गमा वर्गीकरण गर्ने व्यवस्था यसै वर्षबाट कार्यान्वयन गरिने छ। त्यसका लागि मूल्याङ्कनकर्ता तालिमको थालनी गरिएको छ।
६. परिषद् अन्तर्गतका शिक्षालयहरूमा सञ्चालित विभिन्न ट्रेड/कार्यक्रमहरूमा अध्ययनरत प्रशिक्षार्थीहरूको पोशाकमा एकरूपता कायम गर्न यसै शैक्षिक सत्रबाट पोशाक संहिता (Dress Code) लागू गरिएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
(.................... महाशाखा)

फोन :- ६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- +९७७-१-६६३५१२५
इमेल :- info@ctevt.org.np
वेवसाइटः- www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौं
मध्यपुर थिमी न.पा. २
सानोठिमी, भक्तपुर, नेपाल।

पत्र संख्याः-

च.नं. :-

७. आगामी आर्थिक वर्षदेखि परिषद्का प्रदेश कार्यालयहरूबाटै डिप्लोमा तहसम्मको ट्रान्सकृप्ट तथा प्रमाणपत्र वितरण गर्ने व्यवस्था गरिनेछ।

८. एसईई परीक्षाको नतिजा प्रकाशन हुनासाथ प्राविधिक शिक्षाका कार्यक्रमहरूमा भर्नाका लागि सूचना प्रकाशन तथा परीक्षा समाप्त भएको मितिले तीन महिना भित्र नतिजा प्रकाशन गरिनेछ।

९. परीक्षा अनुगमन तथा निरीक्षणलाई थप प्रभावकारी बनाई अनुगमन प्रतिवेदनका आधारमा परीक्षा केन्द्र कायम गरिने छ।

१०. परिषद्को परीक्षा सम्बन्धी विनियमावलीलाई समयसापेक्ष परिमार्जन गर्नका लागि कार्यटोली गठन भई कार्य प्रारम्भ गरिएको छ।

११. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको मर्म अनुसार पाठ्यक्रम विकास, प्रशिक्षण तथा मूल्याङ्कनमा प्रयोगात्मक पक्षलाई विशेष जोड दिइनेछ।

१२. शिक्षालयहरूको गुणस्तर कायम गर्न अनुगमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

१३. परिषद्ले निर्धारण गरेको भन्दा बढी शुल्क शिक्षालयहरूले लिन पाउने छैनन्। तोकिएको भन्दा बढी शुल्क लिएको पाइएमा त्यस्ता शिक्षालयहरूलाई कडा कारबाही गरिनेछ।

१४. प्रशिक्षार्थी, प्रशिक्षक तथा कर्मचारीहरूका लागि कार्यस्थल दुर्घटना बीमा कार्यक्रम लागू गरिएको छ।

१५. प्रशिक्षार्थीहरूलाई सीपयुक्त र उद्यमशील बनाउन सञ्चालित सिक्दै-कमाउँदै कार्यक्रमलाई कार्ययोजना सहित व्यवस्थित गरी आगामी दिनमा निरन्तरता दिइनेछ।

१६. परिषद्का आङ्गिक शिक्षालयहरूमा प्रमाणपत्र तह नर्सिङ लगायत स्वास्थ्यका कार्यक्रमहरूलाई विस्तार गरिनेछ।

१७. प्राविधिक शिक्षाका ग्र्याजुएटहरूलाई स्वरोजगार तथा उद्यमी बन्न सहुलियत ऋणको व्यवस्थापनका लागि आवश्यक सहजीकरण गरिनेछ।

अन्त्यमा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूले विभिन्न समयमा प्रदान गर्नु भएको रचनात्मक सल्लाह र सुझावका लागि हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत सबैको साथ र सहयोगको अपेक्षा गरिन्छ।

ई. महेश भट्टराई
सदस्य सचिव